# व्यापारमा थप उदारीकरण भए अर्बौं जोगिने

अन्नपूर्ण समाचारदाता

काठमाडौं, २० माघ : दक्षिण एसियाली मुलुकले व्यापारलाई थप उदार बनाए उपभोक्ता हित संरक्षण र अर्बौं रुपैयाँ जोगिन सक्ने अध्ययनले देखाएको छ। क्षेत्रीय व्यापारलाई सहज बनाउँदा दक्षिण एसियाले वार्षिक दुई अर्ब अमेरिकी डलर र उपभोक्ता हितमा संरक्षणमा उल्लेख्य प्रगति हुने अध्ययनले देखाएको हो।

कट्स इन्टरनेसनल र दक्षिण एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट (सावती) ले संयुक्त रूपमा गरेको अध्ययनमा बढ्दो क्षेत्रीय व्यापारबाट यो लाभ उठाउन सकिने देखिएको हो। यी संस्थाले असहयोगले दक्षिण एसियाली उपभोक्ताले चुकाउनुपरेको मूल्यका विषयमा अध्ययन गरेका थिए।

**क्षेत्रीय व्यापारलाई सहज बनाउँदा दक्षिण एसियाले वार्षिक दुई अर्ब अमेरिकी डलर बचत र उपभोक्ता हितमा प्रगति हुनेछ।**

अध्ययन प्रतिवेदन सार्वजनिक गर्न शुक्रबार आयोजित कार्यक्रममा वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले व्यापारको उदारीकरणबाट प्रत्यक्ष रूपमा प्रभावित हुने उपभोक्तालाई बेवास्ता गर्न नसकिने बताए। उनले भन्सारदरका माध्यमबाट हुने उदारीकरणले आमउपभोक्तालाई सकारात्मक प्रभाव पर्ने बताए। मन्त्री भट्टले भन्सारदर कटौतीले विकासका कार्यक्रममा असर पर्नसक्ने भए पनि यसका लागि अन्य माध्यमबाट क्षतिपूर्ति गर्न सकिने बताए।

सावतीका कार्यकारी अध्यक्ष एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. पोषराज पाण्डेले दक्षिण एसियाली मुलुकले आवश्यक मात्रामा व्यापार र आर्थिक विषयमा परामर्श नगरेको बताए। भौगोलिक र सांस्कृतिक रूपमा केही समानता भए पनि व्यापार र आर्थिक पक्षलाई दक्षिण एसियाली मुलुकले प्राथमिकतामा नराखेको उनले बताए। उनले यी मुलुकको आन्तरिक व्यापार पाँच प्रतिशतको हाराहारीमा पुगेको जानकारी दिँदै उनले सन् १९५० कै दशकमा व्यापार यो बिन्दुमा पुगिसकेको बताए। दक्षिण एसियाली मुलुकले ६० को दशकपछि क्षेत्रीय व्यापारको मात्रामा वृद्धि गर्न सकेनन्। डा. पाण्डेले भने, 'राजनीतिक पक्षलाई दोष दिइए पनि आर्थिक कारणले समेत व्यापारको मात्रा घटाउन मद्दत गरेका छन्।'

दक्षिण एसियाका नेपाल, भारत, बंगलादेश, पाकिस्तान र श्रीलंकालगायतका मुलुकको अध्ययनबाट प्रतिवेदन तयार पारिएको हो। व्यापार उदारीकरणबाट थप लाभ लिन राष्ट्रिय र क्षेत्रीयस्तरमा जनचेतना अभिवृद्धि गर्न सुझाव पनि दिइएको छ।